

ISSN: 2990-7993(P)
Dhaulagiri Journal of Contemporary Issues
Vol 3, Issues 1
June, 2025
DOI: https://doi.org/10.3126/djci.v3i1.79707
Published by: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
Home Page: https://dmcjournal.edu.np/index.php/DWJCI
Nepjol Home Page: https://www.nepjol.info/index.php/djci

नेपालमा सहकारी अभियानबाट सिर्जित अवसर एवम् सञ्चालनका चुनौतीहरू

खगराज अधिकारी
Email: adhikarikhagaraj@gmai.com

लेखसार

सहकारी प्रणाली आर्थिक, सामाजिक र सांस्कृतिक विकासका साथै अभाव, गरिबी र विपन्नता कम गर्न विश्वव्यापी रूपमै उपयोगी देखिएको छ । नेपालका सन्दर्भमा पनि सहकारी अभियानले आर्थिक, सामाजिक र सामुदायिक विकासका क्षेत्रमा उल्लेखनीय भूमिका खेल्दै आएको देखिन्छ। यसो भए पनि सहकारी प्रणालीसम्बद्ध संस्थागत सुशासन र प्रभावकारी सञ्चालनसम्बन्धी समस्याहरू देखिएका छन् । यस अध्ययनले सहकारी अभियानबाट सृजित अवसर र सञ्चालनका चुनौतीहरूको विश्लेषण गर्दै आवश्यक सुधारका लागि उपायहरूको खोजी गर्ने उद्देश्य राखेको छ । यो अध्ययनमा प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ । सहकारीका अभियानसँग लामो समयसम्म आबद्ध व्यक्तिहरूसँग प्रमुख सूचनादाताका रूपमा अन्तर्वार्ता र सहकारी सञ्चालनका सम्बद्ध पक्षहरूसँग लक्षित समूहगत छलफल गरी क्षेत्रकार्यका माध्यमबाट प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ । यसैगरी सहकारी अभियानका सम्बन्धमा उपलब्ध ऐतिहासिक तथ्यहरू, लेख, पुस्तक, नीति नियम र प्रतिवेदनलगायतका द्वितीयक स्रोतका सामग्री पुस्तकालयकार्यका माध्यमबाट सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्क र विवरणहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ । यस अध्ययनबाट विशेष गरी मध्यम तथा न्यून आय भएका सहरी एवम् ग्रामीण क्षेत्रमा बचतको परिचालन, सहुलियत र सहज कर्जा प्राप्तिमार्फत आर्थिक तथा लैङ्गिक सशक्तीकरण, सामुदायिक सचेतना, प्रजातान्त्रिक अभ्यास, रोजगारी सिर्जनालगायतका क्षेत्रमा सहकारी संस्थाहरूले योगदान पुऱ्याउँदै आएका र समसामयिक चुनौतीको समाधान गर्न आवश्यक नीतिगत सुधार गरेर अघि बढाइएमा नेपालमा सहकारी अभियानबाट गरिबी निवारण गरी आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिएको निष्कर्ष प्राप्त भएको छ । यस अध्ययनबाट शीर्षकसम्बद्ध विषयमा थप खोजकार्यका लागि मार्गदर्शन हुने अपेक्षा गरिएको छ ।

शब्दकुञ्जी : उत्पादनशील, नियमन, प्रजातान्त्रिक, सहकार्य, सहकारी आन्दोलन, स्वायत्तता

Article Information
Received: 14 January, 2025 **Reviewed:** 1 February, 2025 - 14 March, 2025 Revised: 15 March, 2025- 4 May, 2025
Accepted: 7 May, 2025 **Published:** 2 June, 2025
Corresponding Author: Khagaraj Adhikari

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

परिचय

निश्चित आर्थिक तथा सामाजिक विकासका उद्देश्य प्राप्त गर्नका लागि समान आवश्यकता भएका व्यक्तिहरू एक आपसमा सङगठित भएर सामूहिक रूपबाट उत्पादन तथा सेवाको व्यवसायमा संलग्न हुने कार्य नै सहकारिता हो । एकका लागि सबै र सबैका लागि एक भन्ने प्रजातान्त्रिक मान्यतालाई आत्मसात् गरेको यस अवधारणालाई आर्थिक आन्दोलनका रूपमा वा मध्यस्थकर्ताबाट शोषण हुन नसक्ने खालको व्यावसायिक सङगठनका रूपमा विश्लेषण गर्ने गरिन्छ (होगेल्याण्ड, २००६; बडाल, २०६४) । सहकारी एक व्यावसायिक क्रियाकलाप सञ्चालन गर्ने पद्धति विशेषको नाम हो । जहाँ सदस्यहरूका आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताको परिपूर्ति सदस्यहरूकै सक्रिय सहभागिताका आधारमा हुने गर्दछ । सामूहिक उद्देश्यको प्राप्ति, समस्याको समाधान, चाख तथा रुचिबिचको मेलले नै सहकारीमा व्यावसायिकताको सृजना, अभिवृद्धि र विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसर्थमा सहकारी स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा संस्थाका सदस्यहरूद्वारा स्वचालित रूपमा सञ्चालन हुने सुस्पष्ट आर्थिक तथा व्यावसायिक नमुनामार्फत ग्रामीण समुदायको विकासका लागि विभिन्न भूमिकाहरूको निर्वाह गर्न सक्ने अवस्था यस अभियानबाट सिर्जित हुन्छ (मुन र लि, २०२०) भन्ने मान्यता रहेको छ । त्यस्तै गरी सदस्यहरूबिच एक आपसमा मद्दत गर्दै सहकारी अभियानमार्फत वचत तथा ऋण सेवा, शिक्षा तथा तालिम र सामुदायिक सेवाहरू सहकारी अभियानले सामुदायिक विकासका लागि उपलब्ध गराउने तीन प्रमुख सेवाहरू रहेका छन् (श्रेष्ठ, २०१०) । यसरी समाजका सबै जात, भाषा, धर्म, संस्कृति, राजनीतिक अवस्था भएका सबै क्षेत्र, वर्ग, लिङ्ग आदिका मानिसहरूबिच कुनै भेदभाव नगरिकन मिलीजुली रूपबाट काम गर्ने पद्धति नै सहकारी हो । यस अभियानलाई निजी, साझेदारी, संयुक्त पूँजी कम्पनी प्रणालीमा जान नचाहने र नसक्नेका लागि व्यवसायमा संलग्न हुने एक प्रभावकारी र भरपर्दो माध्यमका रूपमा लिइएको छ ।

आत्मनिर्भरता वा आत्मसहयोग र एक अर्काका लागि सहकारिता भन्ने अर्थशास्त्री चार्ल्स गाइड (१९२२) को विचारलाई उद्धृत गर्दा सहकारिता आफ्ना आवश्यकता, आफ्नै साधन स्रोतबाट, आफ्नै पहलकदमीमा, आफै उत्पादक, आफै व्यापारी र आफै उपभोक्ता हुने गरी कार्य गर्न सङगठित हुनु हो भन्ने बुझिन्छ । सहकारीका सम्बन्धमा रवर्ट ओवेन (१८४४) भन्दछन् "सम्पत्तिको आर्जन र सामाजिक न्याय जस्ता पक्षलाई एकै साथ कार्यान्वयन गर्न सकिने माध्यम नै सहकारिता हो ।" उन्नाइसौं शताब्दीको पूर्वाद्धदेखि नै बेलायतमा औद्योगिक विकासको प्रारम्भ भयो । जुन विकासको प्रारम्भले औद्योगिक क्रान्तिको रूप धारण गऱ्यो । कृषि अर्थतन्त्रबाट अगाडि बढेको बेलायतको आर्थिक क्रियाकलाप उद्योगतर्फ फड्को मार्न थाल्यो । सन् १७६० देखि १८२० सम्म पुग्दा बेलायती अर्थतन्त्रमा उद्योगले निकै ठूलो फड्को मारिसकेको थियो । यसरी विकास भएको औद्योगिक क्रान्तिले पूँजीपति र मजदुर वर्गको जन्म भयो (बडाल, २०७५) । त्यस्तै औद्योगिक विकाससँगै कृषि क्षेत्रमा पनि आधुनिकीकरण र यान्त्रिकीकरण बढेर गयो । ठूला जमिनदारहरूले गाउँ गाउँमा जमिन खरिद गर्न थालेसँगै साना र मध्यम वर्गीय किसानहरू भूमिहीन हुँदै गए । यस्ता भूमिहीन किसानहरूमा बेरोजगारी बढ्दै जानुका साथै यान्त्रिकीकरण र भूमिहीनताले बेलायतमा ठूलो सङ्ख्यामा जनताहरू आर्थिक समस्यामा परेको अवस्था सिर्जना भयो । उनीहरूको जीवनयापनका निम्ति नयाँ बाटो र विकल्पको खोजी भइरहेको थियो । बेलायतको औद्योगिक क्रान्तिले उत्पादनमा रहेको श्रमको प्रधानतालाई विस्थापित गरी पूँजीको प्रधानता स्थापना गऱ्यो । परिणामस्वरूप मानवश्रमबाट गरिने कामहरू मेसिनबाट गर्न थालियो । यसबाट श्रमिकहरू बेरोजगार भए । यस्तो बेरोजगार बनाउने मेसिनलाई नै समाप्त पार्नु पर्दछ भन्दै बेलायती श्रमिकहरूले सन् १८०८ देखि १८३० सम्म मेसिन तोड अभियान नै सञ्चालन गरे (शर्मा, २०७१ र बडाल, २०७५) । उल्लेखित घटनाक्रमहरूले आर्थिक सामाजिक क्षेत्रमा एक आपसमा सरसहयोग र सहकार्य गर्न वैकल्पिक सोचविचार र संस्थागत विकासको खाँचो महसुस भएको देखिन्छ ।

उल्लेखित आन्दोलनलाई नजिकबाट हेरिरहेका रबर्ट ओवन (१८४४) ले मेसिन हाम्रो शत्रु होइन, यसले त कामलाई छिटो र सजिलो बनाएको छ । हाम्रो शत्रु भनेको बेरोजगारी हो । यसको विकल्प खोज्नु नै समस्याको समाधान हो । यसको विकल्पका रूपमा सहकारीलाई ल्याउन सकिन्छ भन्ने दृष्टिकोणका साथ आफ्नै अध्यक्षतामा अभाव, गरिबी र बेरोजगारी विरुद्धको विकल्प खोज्नका निम्ति एउटा विशाल भेला आयोजना गरे (शर्मा, २०७१) । उक्त भेलाबाट श्रमिकहरू आपसमा मिलेर आफ्ना आवश्यकता परिपूर्ति गर्नका निम्ति उपायको खोजी गर्नुपर्ने जसको उत्तम विकल्प सहकारी नै हुने निष्कर्ष निकालियो । यसरी एकातिर बेलायतमा मजदुर र पूँजीपति वर्गबिचको पर्खाल अग्लो हुँदै गइरहेको थियो भने अर्कोतर्फ रबर्ट ओवेनले सहकारीको सिद्धान्तलाई अगाडि बढाइरहेका थिए । उनले सहकारीसम्बन्धी विभिन्न दृष्टिकोणहरू 'द कोअपरेटर' नामक पत्रिकामार्फत सर्वत्र फैलाइरहेका थिए । परिणामस्वरूप उनकै विचारबाट प्रेरित भई एक जना महिलासहित २८ जना कपडा कारखानामा काम गर्ने मजदुरहरूले सन् १८४४ मा बेलायतमा एउटा रोचडेल इक्विटेबल पायोनियर्स सोसाइटी नामक उपभोक्ता सहकारी संस्था स्थापना गरे । यो नै विश्वमा प्रथम आधुनिक सहकारी संस्थाका रूपबाट आफ्नो स्थान कायम राख्न सफल भएको छ (बडाल, २०७५; शर्मा, २०७१) । यसरी सहकारीको संस्थागत विकासको प्रारम्भ भएको देखिन्छ । यस सम्बन्धमा समाजवादी विचारकहरू भन्दछन् "सहकारी यस्तो समाज व्यवस्था हो जसबाट वर्ग सङ्घर्षविना नै शोषणलाई समाप्त पार्न सकिन्छ" त्यस्तै केही मार्क्सवादी

विचारकहरू पनि "समाजवादी समाज निर्माणको जग नै सहकारी आर्थिक आधार हो" (बडाल, २०७५) भन्दछन् । सीमित साधन स्रोत भएका, एक्लै कुनै किसिमको व्यावसायिक क्रियाकलापमा संलग्न हुने आँट नभएका व्यक्तिहरूको वचत तथा पूँजीलाई एकत्रित गरी आफ्नो लागि आफै अग्रसर भएर सामूहिक भावबाट कार्य गरौं भन्ने भावनाको विकास सहकारिताले गराउँदछ । सहकारीको यही विशिष्ट पहिचान भएका कारणले नै सामाजिक र आर्थिक क्षेत्रको सुधार र विकासका लागि यसले उल्लेखनीय भूमिका खेलेको कुरालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ ।

उदार अर्थनीति तथा विश्वव्यापीकरण व्यापार नीतिबाट उब्जिएको सामाजिक तथा आर्थिक जटिलताको समाधानका निम्ति उपयुक्त माध्यमका रूपमा सहकारी आर्थिक प्रणाली बन्न सक्ने महसुस भएका कारण नै सामाजिक तथा आर्थिक विकासको अधिकांश क्षेत्रमा सहकारी पद्धतिको प्रवेश भएको पाइन्छ (राष्ट्रिय सहकारी महासङ्घ, २०६६) । त्यसैगरी अन्तर्राष्ट्रिय सहकारी महासङ्घका अनुसार "सहकारी संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणयुक्त व्यवसायमार्फत् साझा आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता र आकाङ्क्षापूर्ति गर्न स्वेच्छाले सङगठित भएका व्यक्तिहरूको स्वायत्त संस्था हो " (बडाल, २०६४) । संयुक्त राष्ट सङघले (२०१८) समेत सहकारीका सदस्यहरूले श्रमिकको अधिकार, रोजगारीका अवसर, सामाजिक सुरक्षामा वृद्धिलगायतका आर्थिक तथा सामाजिक गतिविधिमार्फत समावेशी स्थानीय सामुदायिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने विषय उल्लेख गरेको छ । नेपालमा सञ्चालित वचत तथा ऋण सहकारीहरूमा गरिएको एक अध्ययनले प्रारम्भिक सहकारी संस्थाबाट ऋण लगानी र रोजगारी सिर्जनाका बिचमा सकारात्मक सम्बन्ध देखाएको छ (खरेल र अन्य, २०२२) भने अर्को एक अध्ययनले नेपालमा सहकारी क्षेत्रबाट ८८,३०९ जनालाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउनुका साथै तुलनात्मक रूपमा सहकारी संस्थाहरू बढी खुलेका प्रदेशहरूको कुल गार्हस्थ उत्पादन वृद्धिदर पनि बढिरहेको अवस्थामा सहकारी अभियान देशको आर्थिक समृद्धिको बाहक बन्न सक्ने बलियो आधार देखिन्छ (श्रेष्ठ र ढकाल, २०२२) । मुलुकको बागडोर राजनीतिक अर्थव्यवस्थाले समाज विज्ञानका सामाजिक सम्बन्ध र कानुनी संहितालाई मार्गप्रशस्त गर्दछ । राजनीतिक अर्थशास्त्र राज्यव्यवस्था प्रणालीको आर्थिक, मौद्रिक, वाणिज्य, औद्योगिक लगायतका नीतिहरू निर्देशित गर्ने समाजविज्ञानको केन्द्रीय शास्त्र मानिन्छ । सामाजिक आर्थिक व्यवस्थाको विकास क्रममा विकसित भएका निर्देशित व्यवस्थाको रूपमा रहेको योजनावद्ध अर्थतन्त्र र शोषण, प्रतिस्पर्धा र व्यक्तिगत स्वामित्वमा आधारित बजार अर्थतन्त्र अभ्यासपछि दुबै अर्थव्यवस्थाका राम्रा पक्षहरू राखी मिश्रित अर्थव्यवस्थाको अभ्यास पछिल्ला दिनमा देखापरेका छन । सरकारी, निजी एवम् सहकारीमार्फत सामाजिक पुँजी निर्माणमा सहकारिता र सङ्गठन शक्तिको विकासमा पूर्वीय दर्शनले सिर्जना र विकास गरेका शास्त्रीय मतको अनुसन्धान र विश्लेषणका आधारमा नेपालमा तीनखम्बे अर्थनीति तय गरेको देखिन्छ (नेपाल सरकार, २०७२; खरेल र अन्य, २०२२) । समाज विज्ञान गहन, सम्पन्न र बहुमुखी हुँदै जाँदा लोकतन्त्रका अनेकौं आयामहरू विकास भएको सन्दर्भमा नेपालमा आर्थिक लोकतन्त्रको आयामको रूपमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको समावेशी आर्थिक लोकतन्त्रको विषय मुलुकको संवैधानिक विषयसमेत बनेको देखिन्छ ।

नेपालको संविधान २०७२ ले अर्थव्यवस्थाको नयाँ मोडलका रूपमा तीनखम्बे अर्थनीतिमा टेकेर समृद्धिको यात्रामार्फत् आर्थिक वृद्धि र आर्थिक विकासमार्फत समाजवादमा पुग्ने अभिष्ट राखेको छ । यो अभिष्टको सैद्धान्तिक धरातल र प्रयोगवादी अवधारणाको आधारमा राजनीतिक अर्थव्यवस्था र नेपालको तीनखम्बे अर्थनीतिको औचित्य देखिन्छ । नेपालको संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने विषय उल्लेख गरिएको छ । त्यस्तै गरी संविधानको दफा ५० को उपदफा ३ मा राज्यको निर्देशक सिद्धान्तका रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भनी उल्लेख गरिएको छ (नेपाल सरकार, २०७२) । सहकारी आन्दोलन सामाजिक न्यायसहितको आर्थिक विकासका लागि उत्पादकत्वमा वृद्धि, न्यायोचित वितरण, सामुदायिक तथा सहभागितामूलक समावेशी विकास, लोकतान्त्रिक आधारमा सञ्चालन र व्यवस्थापन गरिने निश्चित मूल्य मान्यता र सिद्धान्तमा आधारित वैधानिक विधिसहितको व्यवसायिक संरचना हो (शर्मा, २००४; वानियामा, २०१४ र यु.एन., २०१८) । यसर्थमा पनि नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि सहकारी अभियानको विकास र व्यवस्थित सञ्चालन आवश्यक छ भन्ने देखिन्छ । यद्यपि वर्तमान अवस्थामा सहकारी सञ्चालनका क्षेत्रमा चुनौतीहरूसमेत देखिएका छन् , जसको यथोचित सम्बोधन, निराकरण र व्यवस्थापन गर्नु आवश्यक छ ।

निश्चित उद्देश्य, आवश्यकता वा समस्याको समाधानका निम्ति स्थानीय व्यक्तिहरूको सामूहिक संलग्नतामा निरन्तर आर्थिक सहभागिता वा पुँजीगत योगदान गर्दै प्रजातान्त्रिक ढङ्गबाट समान अवसर र मान्यताको अवलम्बन गरी इच्छित उद्देश्यको परिपूर्ति गर्ने संस्थाको प्रवर्द्धन एवम् संस्थाका सदस्यहरूको स्वामित्व र नियन्त्रणमार्फत् आफ्ना सदस्यहरूको आवश्यकता पूरा हुने गरी गरिने एउटा संस्थागत पद्धति एवम् अभियान नै सहकारी हो । यस अभियानले आफ्ना सदस्यहरूका बिच वचत तथा ऋणको सेवा, शिक्षा तथा तालिम र सामुदायिक सेवामार्फत स्थानीय जनजीविकालाई सहज, एक आपसमा परस्पर सहयोग र आत्मनिर्भर बनाएको छ (श्रेष्ठ, २०१०) । निश्चित

सिद्धान्त र मूल्य मान्यतामा आधारित सहकारी संस्थाहरू स्वाभावैले दिगो अवधिसम्म आपसी समझदारी र सहभागितामूलक रूपमा सञ्चालन हुने सङगठनहरू हुन् (वानियामा, २०१४) । जुन नेपालको आर्थिक सामाजिक विकासका सन्दर्भमा निकै उपयोगी पद्धति देखिन्छ । तर पनि सहकारीका उद्देश्य र सिद्धान्तअनुरूप अगाडि बढ्नमा विभिन्न चुनौतीहरूसमेत देखापरेका छन् र ती चुनौतीको सामना गर्दै अगाडि बढ्ने बाटो पहिचानका निम्ति वर्तमानमा भइरहेका प्रयासहरूबाट ठोस निकास निस्केको अवस्था देखिँदैन । विशिष्ट परिस्थितिका बिचबाट उदाएको नेपालको सहकारी अभियानको ६ दशकको यात्राका दौरानमा प्राप्त उपलब्धि र पछिल्ला दशकहरूमा सहकारी क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू पहिचान गरी तिनको निराकरणका लागि सरोकारवालाहरूलाई सुझाव प्रदान गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनका लागि प्राथमिक तथा द्वितीयक दुबै स्रोतका सामग्री क्षेत्रकार्य र पुस्तकालयकार्यका माध्यमबाट सङ्कलन गरी उपयोग गरिएको छ । नेपाल वचत तथा ऋण सहकारी सङ्घ, राष्ट्रिय सहकारी महासङ्घ र सहकारी विकास बोर्डको जिम्मेवारी एवम् नेतृत्व सम्हालेका पाँचजना व्यक्तिसँग प्रमुख सूचनादाताका रूपमा २०८१ कार्तिक महिनामा लिइएको अन्तरवार्ताका साथै प्रारम्भिक एवम् जिल्लास्तरीय र केन्द्रीय सहकारी सङ्घका सञ्चालक र क्रियाशील सहकारी सञ्चालनमा प्रत्यक्ष संलग्न व्यक्तिहरूसँग २०८१ मङ्सिर महिनामा काठमाडौँ र पोखरामा दुईओटा लक्षित समूहसँग गरिएको छलफलबाट सङ्कलित सामग्रीलाई क्षेत्रकार्यबाट प्राप्त प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । सहकारी सञ्चालन तथा व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने यसप्रकारको लक्षित समूह छलफल र अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्क गुणात्मक प्रकृतिको रहेको हुँदा त्यसका आधारमा तथ्यगत विश्लेषण गरिएको छ । अर्कोतर्फ सहकारीको अवधारणा र यसको अभियानसम्बन्धी इतिहास र नेपालमा यससम्बन्धी भएका नीतिगत व्यवस्थासँग सम्बन्धित द्वितीयक स्रोतका सामग्री पुस्तकालयकार्यबाट सङ्कलन गरी प्रयोग गरिएको छ । आवश्यक अनुसन्धानमूलक जर्नलमा प्रकाशित लेख रचना, पुस्तकहरू, सहकारी सङ्घसंस्थाका प्रतिवेदनहरू र सहकारी व्यवस्थापन गर्न बनेका ऐन तथा कानुनहरूको अध्ययनसँग सम्बन्धित सामग्रीको सङ्कलन पनि पुस्तकालयकार्यबाट गरिएको छ । प्राप्त तथ्याङ्क र विवरणहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ ।

नतिजा र विमर्श

नेपालमा सहकारी अभियान

नेपालमा विक्रम संवत् २०१० भदौमा योजना, विकास तथा कृषि मन्त्रालय मातहत सहकारी विभाग खडा गरिएपछि सहकारी विकासको काम थालिएको हो । विभाग स्थापनाको पूर्वतयारीकै क्रममा २००९ सालमा कोलम्बो योजनाअन्तर्गत दुई जना वरिष्ठ अधिकृतहरूलाई श्रीलङ्का पठाएर सहकारी विकासका विभिन्न पक्षहरूको जानकारी दिलाइएको थियो (एन.सि.एफ., २०१०) । लगत्तै २०११ सालको अन्त्यतिर नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको सहायता नियोगको सहयोगमा राप्ती दुन बहुमुखी विकास आयोजना (Rapti Valley Multi-purpose Development Project) सञ्चालन गरियो । राप्ती दुन चितवन उपत्यकाको वन क्षेत्रबाहेकको बाँझो एवम् उर्वर जग्गामा खेती गरी खाद्यान्न नपुग पहाडी जिल्लामा समेत आपूर्ति गर्ने, कृषि तथा वनपैदावारमा आधारित उद्योगधन्दा खोल्ने र गरिबीको मारमा रहेका हजारौँ जनतालाई रोजगारीको अवसर दिलाउने उद्देश्य सो आयोजनाको थियो । प्रथम पञ्चवर्षीय योजना (२०१३/१४–२०१७/१८) को दस्तावेजमा छुट्टै अध्यायमा समावेश गरिएको उक्त आयोजना देशको पहिलो प्रमुख विकास पहलमध्येमा पर्दथ्यो (एन.सि.एफ., २०१०; पौडेल, २०८०) । राप्ती दुन आयोजना लागू हुनुभन्दा केही महिनाअघि मात्र (२०११ साल भदौ) को भीषण वर्षाले देशमा ठूलो विपत्ति ल्याएको थियो । खास गरी मध्यमाञ्चल तथा पश्चिमाञ्चलका कतिपय जिल्लामा निकै धेरै परिवारहरू बाढी-पहिरोबाट प्रभावित भएका थिए । त्यसरी घरबारविहीन बनेका परिवारहरूका साथै अघिदेखि भूमिहीन रहिआएका परिवारहरूको पुनर्वास र राप्ती दुनको विकाससँगसँगै लैजाने गरी आयोजनाका कार्यहरू अघि बढाइएका थिए । प्रारम्भमा राप्ती दुन आयोजना र सहकारी विकासको योजनासँग प्रत्यक्ष रूपले सम्बन्ध नभए तापनि पछि कार्यक्रम कार्यान्वयन गर्दै जाँदा आयोजना प्रशासनले पुनर्वासी परिवारहरूलाई खेतीपाती गर्न चाहिने ऋण वितरण गर्ने माध्यमको रूपमा सहकारी संस्थाको आवश्यकता देख्यो । यता नयाँनयाँ खडा गरिएको सहकारी विभागका लागि पनि जनस्तरमा कुनै रूपमा प्रारम्भ गर्नुपर्ने थियो होला । त्यसरी आयोजना र विभाग दुवैको दृष्टिकोणबाट राप्ती दुन सहकारी कार्य थाल्न उपयुक्त हुनाले तत्सम्बन्धमा समन्वय कायम भएको देखिन्छ ।

सहकारी संस्थाको गठन, दर्ता र सञ्चालनसम्बन्धी कानुनी व्यवस्थाको अभाव पूर्ति गर्न २०१३ साल मङ्सिरमा नेपाल सरकारद्वारा कार्यकारी आदेश (Executive Order) जारी गरियो (एन.सि.एफ., २०१०) । कार्यकारी आदेशले सहकारी संस्थाको सङगठनलाई मान्यता प्रदान गर्‍यो । पुनर्वाससम्बन्धी क्रियाकलापलाई सिलसिलाबद्ध तरिकाले सञ्चालन गर्न सहकारी माध्यम नै अपनाउनुपर्ने कारण जनाउँदै कार्यकारी आदेशको प्रस्तावनामा यस प्रकार उल्लेख गरिएको छः 'सहकारी सिद्धान्तहरूको आधारमा कार्य सुरु गर्नका लागि विभिन्न क्षेत्रहरूबाट माग भएअनुसार राप्ती दुन परियोजनाले विशेष गरेर जोड दिएको छ किनकि पुनर्वाससम्बन्धी कार्यहरू सञ्चालन गर्न सहकारी

संस्थाहरूबाहेक अन्य सरल र प्रभावकारी विकल्प छैन' (पौडेल, २०८०) । यसै अनुरूप चितवन जिल्लामा नै १३ ओटा ऋण सहकारी संस्था स्थापना गरिए जसमध्ये बखान ऋण सहकारी संस्था जुन वि.सं २०१३ साल चैत २० गते चितवन जिल्लाकै बखानपुर (हाल शारदानगर) मा स्थापना भयो । यो नै नेपालमा आधुनिक सहकारी स्थापनाको प्रारम्भ मानिन्छ (राष्ट्रिय सहकारी सङ्घ, २०६६) । त्यसै गरी बचत तथा ऋण दुबै पक्षलाई सहकारिताको माध्यमबाट परिचालन गर्ने दृष्टिकोणको विकास भने नेपालमा वि.सं २०४५ श्रावण ३२ गते राष्ट्रिय बचत तथा ऋण सहकारी सङ्घ (राष्ट्रिय बचत तथा ऋण तदर्थ समिति) को स्थापना सँगसँगै तत्कालीन साझा केन्द्रहरूबाट नै भएको देखिन्छ (महर्जन, २०२०) । प्रारम्भमा २५ जनाको समूह मिलेर मासिक रू. ५० बचतबाट सुरू भएको यो कार्यक्रम क्रमशः व्यापक हुदै गएको पाइन्छ भने बचत तथा ऋण सहकारी संस्थाका रूपमा वि.सं २०५० साल भाद्रमा सहकारी विभागमा दर्ता गरी कानुनी हैसियत प्रदान गरेको देखिन्छ । यद्यपि नेपालमा वि.सं २०४६ को जनआन्दोलनपछि सहकारी ऐन २०४८ को प्रारम्भसम्ममा केवल ८३० को सङ्ख्यामा मात्र सहकारी संस्थाहरू रहेका थिए (शर्मा, २०७१) । उल्लेखित तथ्यका आधारमा सहकारीले लोकतन्त्रपछिको समयमा मात्र सङ्ख्यात्मक रूपमा सशक्त उपस्थिति जनाउन सकेको देखिन्छ ।

नेपालमा सहकारीको नीतिगत तथा कानुनी व्यवस्था

नेपाल सरकारद्वारा कार्यकारी आदेश जारी हुनुअगावै नेपालमा सहकारी संस्था दर्ता गर्ने कानुन तर्जुमाका लागि पहल लिइएको देखिन्छ । श्रीलङ्कामा सहकारी विकासका विभिन्न पक्षहरूको जानकारी हासिल गरी फर्केका सहकारी विभागका अधिकृतहरू कानुनको मस्यौदालगायतका कार्यहरूमा जुटेका थिए । तत्कालीन पब्लिक वर्कस् एन्ड कम्युनिकेसन मिनिस्टर श्री भद्रकाली मिश्रले सल्लाहकार सभामा २०११ आषाढ ४ गते नेपाल सहकारी समितिको बिल, २०११ प्रस्तुत गर्नुभएको थियो । सल्लाहकार सभाको कार्यविधिअनुसार प्रस्तुत भएकै स्वरूपमा उक्त विधेयक २०११/४/११ गतेको नेपाल गजेटमा प्रकाशन गरिएको थियो (एन.सि.एफ., २०१०)। लालमोहर नलागेकोले विधेयक ऐनमा परिणत हुन भने सकेन; विधेयकको रूपमा नै रह्यो ।

नेपाल सरकारको कार्यकारी आदेश, २०१३ ले गर्दा सहकारी संस्थाहरूको दर्ता गर्ने अन्तरिम व्यवस्था भयो । त्यसको तीन वर्षपछि २०१६ सालमा सहकारी संस्था ऐन जारी भयो र कार्यकारी आदेशअन्तर्गत दर्ता गरिएका सहकारी समितिहरूले पनि ऐनबमोजिम दर्ता भएसरहको मान्यता पाए । संवत् २०१८ मा सहकारी संस्थाका सञ्चालनका लागि नियमहरू पनि बने । राजकीय नीतिअनुरूप हुने गरी सहकारी संस्था ऐन, २०१६ र अन्तर्गतका नियमहरूमा समयसमयमा संशोधनहरू गरिएको देखिन्छ । पछि २०४१ सालमा साझा संस्था ऐन र २०४३ सालमा साझा संस्था नियमहरू जारी भए । सोको केही वर्षमा नै २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहाली भयो । परिवर्तित परिप्रेक्ष्यमा सहकारी आन्दोलनलाई प्रोत्साहन दिन २०४८ सालमा साझा संस्था ऐन, २०४१ खारेज गरी सहकारी सिद्धान्त तथा मूल्यमान्यतासम्मत सहकारी ऐन जारी गरियो । नयाँ ऐनअन्तर्गत सहकारी नियमावली, २०४९ पनि बन्यो (खरेल र अन्य, २०२२) त्यस्तै सहकारी मापदण्ड–२०६८, सहकारी नीति–२०६९, सहकारी एकीकरण कार्यविधि–२०७० सहित पछिल्ला दिनमा भएका यससम्वन्धी गतिविधिलाई नै बुझ्ने गरिन्छ । सामान्यतयाः वि.सं.२०४६ सालको जनआन्दोलनपश्चात् परिवर्तित राजनीतिक परिप्रेक्ष्यमा साझा कार्यक्रमप्रति नेपाल सरकारले लिनुपर्ने नीति तथा दृष्टिकोणका विषयमा र खास गरी विगतमा साझा सहकारीले गरेका प्रगति र भोगेका समस्याहरूको अध्ययन गरी आवश्यक सुझाव प्रदान गर्न २०४७ कार्तिक ३० गते नेपाल सरकारद्वारा श्री राधाकृष्ण मैनालीको अध्यक्षतामा ७ सदस्यीय राष्ट्रिय सहकारी महासङ्घ परामर्श समिति गठन गरिएको थियो । यसले २०४७ फागुनमा नै आफ्नो प्रतिवेदन नेपाल सरकार समक्ष बुझाएको थियो (राष्ट्रिय सहकारी सङ्घ, २०६६) । वर्तमानमा २०४८ सालको कानुनी व्यवस्थाको पुनरावलोकन गरी जारी भएका सहकारी ऐन, २०७४ र सहकारी नियमावली,२०७५ सहकारी क्षेत्रको सङ्घीय कानुनका रूपमा रहेका छन् (खरेल र अन्य, २०२२) । सङ्घीय कानुनअन्तर्गत प्रदेश र सङ्घीय तथा प्रदेश कानुनअन्तर्गत स्थानीय तहहरूले कानुन बनाएर आ-आफ्नो अधिकार क्षेत्रभित्र लागू गर्ने वर्तमान संवैधानिक व्यवस्था छ । तदनुसार प्रदेश र स्थानीय तह सहकारी ऐन तथा नियमहरू बनाउने कार्य प्रायः पूरा भएको देखिन्छ ।

नेपालको संविधान, २०१९ र नेपालको अन्तरिम संविधान, २०६३ ले सहकारी क्षेत्रलाई आर्थिक विकासको आधारका रूपमा महत्त्वपूर्ण स्थान दिएको थियो । नेपालको संविधान, २०१९ को भाग ४ ले साझा संस्थाहरूलाई जनसाधारणको व्यापक सहभागितामा आधारित आर्थिक प्रणालीको रूपमा विकास गर्दै निजी उद्यमलाई प्रोत्साहन दिने र विभिन्न वर्ग वा व्यक्तिबिच अनुचित आर्थिक दबाब हुन नदिने व्यवस्था गरेको थियो (श्री ५ को सरकार, २०१९) । त्यस्तै, अन्तरिम संविधान, २०६३ को धारा ३५ ले सार्वजनिक, निजी, र सहकारी क्षेत्रको सहकार्यबाट मुलुकको अर्थतन्त्रको विकास गर्ने नीति अवलम्बन गर्ने कुरा उल्लेख गरेको थियो । नेपालको संविधान, २०७२ को धारा ५० र ५१ ले सार्वजनिक, निजी, र सहकारी क्षेत्रको सहभागितामार्फत् दिगो आर्थिक विकास, साधन र स्रोतको अधिकतम उपयोग, आर्थिक असमानताको अन्त्य, र समाजवादोन्मुख आर्थिक प्रणालीको विकासलाई राज्यको उद्देश्यका रूपमा प्रस्तुत गरेको छ । साथै, संविधानको अनुसूची ५, ६, ७, ८, र ९ ले सहकारी नियमन र सहकारी संस्थाहरूको व्यवस्थापन सङ्घ, प्रदेश, र स्थानीय तहको साझा वा एकल अधिकारका रूपमा परिभाषित गरेको छ (राष्ट्रिय सहकारी प्रतिवेदन, २०८१) । उल्लेखित प्रावधानको यथोचित पालना गराउन संस्थागत

संरचना आवश्यक जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्ने धारणा प्रमुख सूचनादाताहरूको रहेको थियो ।

नेपालको संविधान २०७२ को अनुसूची ५, ६ र ८ (एकल अधिकार सूची) तथा अनुसूची ७ र ९ (साझा अधिकार सूची) मा सहकारी विषय पर्दछ । सहकारी विषयलाई सङ्घको अधिकारको सूची (अनुसूची–५) मा 'सहकारी नियमन' र प्रदेशको अधिकारको सूची (अनुसूची–६) का साथै स्थानीय तहको अधिकारको सूची (अनुसूची–८) मा 'सहकारी सङ्घ भनी जनाइएको छ । त्यस्तै, सङ्घ र प्रदेशको साझा अधिकारको सूची (अनुसूची–७) र सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (अनुसूची–९) समेतमा 'सहकारी' भनिएको देखिन्छ । नेपाल सरकार (मन्त्रिपरिषद्) द्वारा मिति २०७३।१०।१८ मा नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्यविस्तृतीकरण प्रतिवेदन स्वीकृत भयो । प्रतिवेदनमा 'सहकारी संस्था' अन्तर्गत संविधानप्रदत्त स्थानीय तहको अधिकारमा स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटनसमेत पर्ने गरी प्रस्ट पारियो । सहकारी क्षेत्रको नियमनका आधारभूत मानकहरूको स्थापना स्वभावतः सङ्घको अधिकारमा पर्ने तर ती मानकहरूको अधीनमा रही आआफ्नो क्षेत्रभित्र सहकारी संस्थाहरूको प्रवर्द्धन तथा प्रशासनको प्राथमिक अभिभारा सम्बन्धित प्रदेश तथा स्थानीय तहमा रहने संविधानको भावनाअनुरूप कार्यविस्तृतीकरणमा उल्लेख गरिएको अभिमत लक्षित समूहका सहभागीहरूको रहेको थियो ।

राष्ट्रिय सहकारी नीति, २०६९ ले मुलुकको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रूपान्तरणका लागि सबल र सक्षम सहकारी प्रणालीको दूरदृष्टि र स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रूपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भको रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने दीर्घकालीन लक्ष्य राखेको छ । यसै गरी सहकारी ऐन, २०७४ मा जिल्ला, प्रदेश, केन्द्रीय र राष्ट्रिय स्तरमा मात्र सङ्घको व्यवस्था गरिएको हुनाले स्थानीय तहको कार्यक्षेत्रमा प्राथमिक संस्थाहरू रहेको देखिन्छ । परिवर्तित नियमन संरचनाअनुरूप सहकारी विभाग तथा अन्तर्गतका डिभिजन सहकारी कार्यालयहरूद्वारा देशव्यापी रूपमा जिल्लाजिल्लामा स्थानीय तहका जनप्रतिनिधि तथा कार्यकारी अधिकृतहरूको अभिमुखीकरण आयोजना गरी अभिलेख हस्तान्तरण पनि भयो । हस्तान्तरणपछि देशका जम्मा २९,८८६ सहकारी सङ्घसंस्थाहरूमा स्थानीय तहको नियमन अधिकार क्षेत्रभित्र २३,७५९ (७९.५%), प्रदेशको नियमन अधिकार क्षेत्रभित्र ६,००२ (२०.१%) र सङ्घको नियमन अधिकार क्षेत्रभित्र १२५ (०.४%) सहकारी सङ्घसंस्थाहरू परेका छन् । साधारणतया स्थानीय तहमा धेरै सहकारी संस्थाहरू देखिएका भए पनि स्थानीयमा भन्दा प्रदेशमा र प्रदेशभन्दा सङ्घमा ठूला सहकारी संस्था आबद्ध भएको अवस्था देखिन्छ (खरेल र अन्य, २०२२) । यसरी तीन तहको कार्यविभाजनमा एकातिर नियामक निकायहरूको संस्थागत क्षमता र अर्कातिर कारोबार जटिलताअनुसार सङ्घसंस्थाहरूको नियमन सेवा र मागबिचको तादात्म्यता मिल्न नसकेको निष्कर्ष प्रमुख सूचनादाताहरूको रहेको थियो ।

यस अध्ययनको सन्दर्भमा गरिएको सहकारी अभियन्ताहरूसँगको समूहगत छलफलबाट प्राप्त जानकारीलाई आधार मान्दा नेपालको लागि सहकारी पद्धति आर्थिक सामाजिक उत्थानका निम्ति निकै राम्रो पद्धति हो । उत्पादन रोजगारी र गरिबी न्यूनीकरणमा यसले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसबाट स्थानीय स्तरमा रहेका श्रम सीप र साधनस्रोतलाई समसामयिक रूपमा उपयोग गरेर आयआर्जनका कार्यहरू अगाडि बढाउन सहयोग पुगेको छ । यस किसिमका थुप्रै सकारात्मक कामहरू सहकारी क्षेत्रबाट अगाडि बढेका छन् । तर पनि सहकारी संस्थाहरू स्वनियमनबाट सञ्चालन हुन सकेनन् , स्थापनाको उद्देश्यअनुरूप अगाडि बढेनन्, अधिकांश संस्थाहरू जुनसुकै उद्देश्यले स्थापना गरिएका भए पनि वचत ऋणको कारोबारमा मात्र सीमित रहे, सरकारी संरचनाहरू पनि कमजोर भए, संस्था दर्ता गरेपछि त्यसको निरन्तर अनुगमन र नियमन जरुरी थियो । जुन सरकारी संयन्त्रबाट हुन सकेन । तीन तहको संरचनाभित्र सहकारी रहन जाँदा दक्ष र सहकारी बुझेका जनशक्ति समेत भएनन् । बनाइएका कानुनलाई पनि प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन । सहकारीका सदस्यहरू इमान्दार देखिएनन् । साथै कार्यरत कर्मचारीहरूमा पनि इमान्दारिता भेटिएन । यी सबै कारणले वर्तमानका समस्याहरू देखिएका भए पनि सुधार गरेर आगामी दिन सबल बनाउनुपर्दछ । विशेषगरी कानुनमा आवश्यक संशोधन गर्ने, कानुन अनुसार तोकिएका संरचनाहरू तत्काल निर्माण गर्ने, विस्तृत विवरणहरू सहित सहकारीका तथ्याङ्कहरू सङ्कलन गर्ने, समस्यामा परेकालाई तत्काल निराकरण गर्ने, समस्यामा पर्ने सम्भावितलाई जोगाउने तथा राम्रोसँग सञ्चालन भएकाहरूलाई सेवा टेवा प्रदान गर्ने गरेर अगाडि बढ्नु नै अबको बाटो हो भन्ने अभिमत लक्षित समूहका सहभागीहरूको रहेको थियो ।

समूहगत छलफलमा सहभागी सहकारी अभियान्तहरूले सहकारी आन्दोलनबाट वचतको परिचालन, सहुलियत कर्जाको उपलब्धता, वचत गर्ने बानीको विकास, सामूहिक जागरण, उत्पादन, प्रशोधन, रोजगारी प्रवर्द्धन र स्थानीय उत्पादनको बजारीकरणजस्ता सकारात्मक कार्यहरू भएको उल्लेख गरेका थिए । यसका साथै उनीहरूले महिलाहरूको सशक्तीकरण, सामाजिकीकरण र अधिकारको स्थापना भएको, आर्थिक क्षेत्रलाई तल्लो तहका जनस्तरसम्म पुऱ्याएको, अमौद्रिक क्षेत्रलाई मौद्रीकरण गर्न, गरिबी निवारण गर्न आदि कार्यमा सहकारी संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गरेका थिए । तर पनि स्थिर र दीर्घकालीन रूपबाट सहकारी कसरी अगाडि बढाउने भन्ने सवालमा अलमल देखिएको धारणा उनीहरूको थियो । त्यस्तै गरी नीति निर्माताहरूमा सहकारीप्रति सकारात्मक सोच नदेखिनु, नियमन

अनुगमनका संरचनाहरू कमजोर हुनु, एउटै कार्यक्षेत्रभित्र स्थापित सहकारी संस्थाहरूबिच अस्वस्थ प्रतिस्पर्धा चलिरहनु र सदस्यहरू पनि इमान्दार नहुनु ऋणी सदस्यहरूले समेत समयमा ऋण नतिर्नु, सञ्चालकहरूले संस्थाको पुँजीलाई अनुत्पादक क्षेत्रमा प्रयोग गर्नु, बनाइएका कानुनहरू अपूर्ण हुनु, भएका व्यवस्थाहरूलाई पनि समयमा नै कार्यान्वयन नगरिनु, सहकारीमार्फत उत्पादनशील क्षेत्रलाई प्रभावकारी रूपले अगाडि बढाउने सन्दर्भमा विभिन्न कानुनहरू बाधक रहनु, राज्यको संरचनाअनुसार तीन तहको क्षेत्राधिकारभित्र सहकारी रहन जाँदा सहकारीलाई समयमा नै जिम्मा लिएर अगाडि बढाउने कार्यमा सरकारी निकायबाट ढिलाई हुनु आदि कमजोरीहरू समेत लक्षित समूह छलफलमा अभियान्तहरूको निष्कर्ष थियो । विशेष गरी प्रदेश र स्थानीय तहमा नियमन र निगरानी संयन्त्र अत्यन्त कमजोर अवस्थामा रहनुका कारण सहकारीमा विभिन्न समस्या तथा चुनौतीहरू देखापरेको निष्कर्ष उनीहरूको थियो । तर पनि दक्ष जनशक्तिसहितको नियामक निकायको स्थापना, बाझिएका कानुनहरूको व्यवस्थापन, कानुनमा भएका व्यवस्थाहरूको तत्काल स्थापना, राष्ट्रिय सहकारी नीतिलाई समसामयिक रूपमा परिमार्जन, सार्वजनिक आपूर्ति प्रणालीमा सहकारी संयन्त्रको प्रयोग र परिचालन, सहकारी सङ्गठनको क्षमता विकास र उद्देश्यअनुरूप परिचालन, सहकारी परियोजनाको पहिचान र कार्यान्वयनमा सरकारी संयन्त्रको प्रयोग, प्रभावकारी सहकारी शिक्षा प्रदायक संयन्त्रहरूको विकास आदि कार्यहरू अल्पकालीन र मध्यकालीन योजना निर्माण गरी अगाडि बढ्नु नै वर्तमानको उपयुक्त निकास हो भन्ने धारणा सहकारी अभियान्ताहरूको रहेको थियो ।

नेपालका सहकारी सङ्घ संस्थाको नेतृत्वपूर्ण भूमिका निर्वाह गरेका यस अध्ययनका प्रमुख सूचनादाताहरू नेपालजस्तो भूपरिवेष्ठित अर्थतन्त्र रहेको र अत्यावश्यक वस्तु तथा सेवासमेत आयात गर्नुपर्ने अवस्थामा सहकारी एक महत्त्वपूर्ण पद्धति भएको उल्लेख गरेका थिए । सहकारी क्षेत्रमार्फत सदस्य स्वयं उत्पादक वितरण र उपभोक्ता हुन सक्ने र सदस्यले नै प्रजातान्त्रिक पद्धतिबाट नेतृत्व निर्माण गर्नुका साथै नीति र विधिहरू पनि उनीहरूबाट नै गरिने यो पद्धति नेपालजस्तो अतिकम विकसित राष्ट्रका निम्ति अत्यावश्यक छ भन्ने धारणा उनीहरूको थियो । तर पनि यस पद्धतिको कार्यान्वयनका सन्दर्भमा माथि लक्षितसमूह छलफलमा औंल्याइएका चुनौतीहरूलाई सामना गर्न एवम् यस अभियानलाई अगाडि बढाउनका निम्ति आगामी दिनमा केही महत्त्वपूर्ण कदमहरू पनि चाल्नुपर्ने अवस्थासमेत रहेका सन्दर्भमा सहकारी अभियानसँग सम्बद्ध यस अध्ययनका सूचनादाताहरूका विचारलाई विश्लेषण गरी यहाँ उल्लेख गरिएको छ ।

राष्ट्रिय सहकारी महासङ्घ नेपालको नेतृत्वसमेत समालिसकेका अभियान्ताहरूले सहकारी क्षेत्रको नियमनलाई सरोकारवालाहरूबाट बेवास्ता गर्नुका साथै प्रभावकारी नियामक निकाय नभएको धारणा राखेका थिए । तीन तहको क्षेत्राधिकारभित्र सहकारी रहे पनि केवल दर्ता गरिदिने मात्र काम भयो । सहकारी संस्थाको सुन्दर पक्ष स्वनियमनलाई दुरूपयोग वा कमजोर बनाएर सहकारीबाट निश्चित व्यक्तिले फाइदा लिने र आम सदस्यहरूलाई बेफाइदा हुने परिस्थिति निर्माण भए । केही सहकारी संस्थाका थोरै गलत व्यक्तिका कारण वर्तमान सहकारी आन्दोलनप्रति नै नकरात्मक धारणा बनेको छ तर पनि भएका नियम कानुनलाई सुधार गर्ने, कानुनबमोजिम स्थापना गर्नुपर्ने संरचनाहरू तत्काल स्थापना गर्ने, विज्ञ टोलीसहितको नियामक संयन्त्र परिचालन गर्ने, जिम्मेवार तहमा बसेका व्यक्तिहरू नै बढी जिम्मेवार भएर काम गर्ने हो भने आगामी दिनमा वर्तमानमा देखिएका समस्याहरू समाधान हुन सक्दछन् भन्ने धारणा उनीहरूको थियो । त्यस्तै गरी राज्यको तीन खम्बे नीतिअनुसारको व्यवहारमा कमी रहनु, दक्ष जनशक्ति अभाव हुनु र कानुनले तोकेका संरचना तत्काल तयार हुन नसक्नु सहकारीका कमजोर पक्ष रहेको धारणा उनीहरूको थियो । सहकारीलाई उत्पादनसँग जोड्नुपर्नेमा उक्त विषयप्रति सरकारको समेत ध्यान कम पुग्यो । यसले गर्दा सहकारी क्षेत्रमा पर्याप्त समस्याहरू चुलिन गए । तर पनि आगामी दिनमा सहकारीलाई उत्पादनसँग जोड्नु आवश्यक देखिन्छ । कृषि क्षेत्रको विकास, रोजगारीको सिर्जना र गरिबी न्यूनीकरणमा सहकारीलाई प्रमुख प्राथमिकताका साथ लैजानु आवश्यक छ । समस्यामा परेकालाई कानुनबमोजिम उपचार गर्नुपर्ने देखिन्छ । अभियानलाई समेत नियमन तथा सुपरिवेक्षणको जिम्मेवारीमा लगाउने जस्ता कार्यहरू अगाडि बढाएर मात्र सहकारीका समस्या समाधान गर्न सकिने धारणा उनीहरूको थियो । त्यस्तै गरी वचतलाई औद्योगिक तथा आयमूलक क्षेत्रमा लगानी गर्न अभ्यस्त बनाउनुपर्ने, सैद्धान्तिक गतिशीलता प्रविधिको विशिष्टता एवम् नैतिकपक्ष नेतृत्वलाई आत्मसात् गर्दै दिगो विकासलाई सम्बोधन गर्ने गरी सहकारी यात्रा अगाडि बढाउनुपर्ने, विधि र कानुनबमोजिम तय गरिएका संरचनाहरू तत्काल निर्माण गर्नुपर्ने, वित्तीय सहकारीहरूको नियमनलाई उच्च क्षमताका साथ प्रभावकारी बनाउनुपर्नेमा सो हुन नसकेका कारणले वर्तमानका समस्याहरू देखिएका हुन भन्ने धारणासमेत यस अध्ययनका सूचनादाताहरूले राखेका थिए । आगामी दिनमा उपर्युक्त समस्याहरूबाट सहकारीलाई जोगाउन उत्पादन र सेवा सहकारीको प्रवर्धन र विकासका लागि एउटा कानुन निर्माण गर्ने र वित्तीय सहकारीहरूका लागि नियमन गर्ने अर्को कानुन बनाई अगाडि बढ्नुपर्ने उनीहरूको धारणा रहेको थियो ।

सहकारी अभियानबाट संस्थाका सदस्यहरूमा समन्यायिक वितरण हुने, महिला सहभागिता र नेतृत्व विकास, सदस्यहरूमा नियमित वचतको बानी बसेको, सम्पत्तिमा महिलाको अधिकार स्थापित (आर्थिक स्वतन्त्रता), साहुमहाजनबाट उन्मुक्ति, सङगठित भावनाको विकास (जन्मदेखि मृत्युसम्म सहकारीको साथ) जस्ता सबल पक्षहरू रहेका भए पनि सहकारीमा करको भार धेरै बढाउनु र ऋण असुलीमा स्थानीय निकायबाट आवश्यक सहयोग प्राप्त नहुने जस्ता कमजोरी औल्याएका थिए । वित्तीय सहकारी शुशासनका लागि स्तरीकरण कार्यक्रम

अनिवार्य गराउने, वचत ऋण सहकारीको लागि छुट्टै ऐनको आवश्यकता, तहगत कानुनमा एकरूपता बनाउनुपर्ने, स्थिरीकरण कोष अनिवार्य गराउनुपर्ने, स्थानीय तहमा समस्याग्रस्त सहकारी व्यवस्थापनका लागि संयन्त्र तयार गर्ने जस्ता कामहरू गरियो भने वर्तमानमा देखिएका समस्याहरू आगामी दिनमा निराकरण भएर जान सक्छन् भन्ने धारणा उनीहरूको रहेको थियो । विशिष्टीकृत सहकारी सङ्घ जस्तो सहकारीमार्फत बृहत स्तरका उत्पादनहरू गर्दै अर्थतन्त्रलाई सबल र सक्षम बनाउन सकिने व्यवस्था कानुनमा राखिएको भएपनि प्रभावकारी रूपमा सहजतापूर्व व्यवहारमा उतार्न नसकिएको धारणा उनीहरूको थियो । उत्पादनशील कार्यभन्दा पनि वित्तीय कारोबारमा सहकारीहरू बढी केन्द्रित भए जसले गर्दा वर्तमानमा यस किसिमका समस्याहरू देखा पर्न गएका हुन । करिव ९५ प्रतिशतभन्दा बढी सहकारी सुव्यवस्थित रूपमा सञ्चालित छन् । चार पाँच प्रतिशत मध्ये पनि एक प्रतिशत मात्रै समस्यामा परेका होलान् । बाँकी तीन चार प्रतिशत समस्याको सम्भावना रहेको भएपनि सम्पूर्ण सहकारी क्षेत्रलाई नै चुनौती हुने गरी सदस्यको वचत फिर्ताको विषय आउनु समस्याको रूपमा देखिएको छ । प्रमुख रूपमा प्रभावकारी नियामक निकाय स्थापना गर्ने, सहकारीलाई उत्पादनशील क्षेत्रमा बढीभन्दा बढी लाग्नका निम्ति प्रेरित गर्ने, भएका कानुनहरूलाई बढीभन्दा बढी प्रयोगमा ल्याई व्यवहारमा उतार्ने, प्रभावकारी रूपबाट सदस्यहरूलाई सहकारी शिक्षा प्रवाह गर्ने वातावरण तयार गर्ने, कानुनविपरीत गर्नेहरू सबैलाई दण्डित गर्ने र वचतकर्ताको वचत फिर्ताको सुनिश्चित आधार तयार गरिदिने हो भने आगामी दिनमा वर्तमान समस्याको छिटो निकास निस्कने धारणा उनीहरूको थियो । लक्षित समूह छलफल र प्रमुख सूचनादाताहरूबाट प्राप्त उल्लेखित विश्लेषणात्मक जानकारीहरूलाई सहकारीको अवसर र चुनौतीका रूपमा विश्लेषण गरी तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १ः नेपालमा सहकारी अभियानको अवसर र चुनौती विश्लेषण

सबल पक्षहरूः नेपालको संविधानले अर्थतन्त्रका तीन खम्बामध्ये सहकारीलाई एक महत्त्वपूर्ण खम्बाका रूपमा स्वीकार गर्नु, देशका ठूला राजनीतिक दलहरूले सहकारीको भावनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहकारी विभाग स्थापना गरेर आफ्ना कार्यक्रम अघि बढाउनु, सहकारीप्रति आम नागरिकमा सचेतना जागरण उत्पन्न हुनु, अन्तर्राष्ट्रिय स्तरमा नेपालको सहकारीसँग सम्बन्धित राम्रो सम्बन्ध स्थापना हुनु, सहकारीलाई हेर्ने छुट्टै मन्त्रालयको स्थापना र सङ्घीय संरचनाका तीनओटै तहमा सहकारी संस्थाहरूको स्थापना हुनुले यसलाई थप सुदृढ बनाएको अभिमत लक्षित समूह छलफलको निष्कर्ष थियो ।	**दुर्बल पक्षहरूः** सहकारी क्षेत्रको विकास, व्यवस्थापन र सञ्चालनमा दीर्घकालीन सोचको अभावमा, पर्याप्त बजेट र कानुनी संरचनाको अभावले सहकारीको विकासलाई अवरोध पुऱ्याइरहेको अवस्था, सहकार्यको संस्कृति निर्माण गर्न नसक्नु र सजिलो तरिकाले वचत तथा ऋणमा मात्र केन्द्रित हुनु नै मुख्य कमजोरी, उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण जस्ता श्रृङ्खलाबद्ध कार्यमा ध्यान दिन नसक्दा सहकारीको सम्भावना पूर्ण रूपमा उपयोग हुन नसक्नु र नियामक निकायहरूको कमजोरीले गर्दा गलत काम गर्ने सहकारीलाई कारबाही गर्न सक्ने क्षमता न्यून रहेको जस्ता विषयहरू छलफलको निष्कर्ष थियो ।
अवसरहरूः सहकारी क्षेत्रले देशभर हरेक ठाउँमा आफ्नो उपस्थिति जनाएको, यसको मुख्य विशेषताअनुरूप उत्पादनकर्ता, वितरक र उपभोक्ता सबै स्वयम् सदस्य हुने भएकाले अर्थतन्त्रका हरेक आयाममा सहकारीले प्रभाव पार्न सक्ने सम्भावना, पर्याप्त पूँजी र आवश्यक जनशक्तिको उपलब्धता सहकारीका लागि राम्रो अवसर, आर्थिक सामाजिक र सांस्कृतिक सहकार्यको माध्यमबाट सहकारीले वर्गीय र जातीय विभेद अन्त्य गर्न सहयोग र सहकारीबाट आवश्यक पर्ने पूँजी प्राप्त गर्न सजिलो हुने हुँदा उद्यमशीलतालाई प्रोत्साहन गर्न सकिन्छ भन्ने धारणा प्रमुख सूचनादाताहरूले उल्लेख गरेका थिए ।	**चुनौतीहरूः** सहकारी अभियानलाई जवाफदेही बनाउन नसक्नु, युवाहरूलाई उत्पादन, प्रशोधन, र बजारीकरण जस्ता महत्त्वपूर्ण कार्यमा संलग्न गराउन नसक्नु, सहकारीलाई सफल व्यवसाय बनाई आम मानिसको विश्वास जित्न नसक्नु, वचत र ऋणमा केन्द्रित सहकारीलाई उत्पादन र रोजगारी सिर्जना गर्नेतर्फ आम सदस्यहरूको ध्यान खिच्न कठिन, सजिलो गरी छोटो समयमा मोटो रकम कमाउने विचारले ग्रसित हुँदा सहकारीको मूल्य मान्यता र संस्कृतिमा ह्रास, वित्तीय व्यवस्थापनको कार्य कुशलता, क्षमता र सैद्धान्तिक ज्ञानको अभाव आदि चुनौतीहरू रहेको विज्ञहरूको धारणा रहेको थियो ।

स्रोतः सहकारी सम्वद्ध प्रमुख सूचनादाताहरू र लक्षित समूह छलफलबाट प्राप्त जानाकारी, २०८१

निष्कर्ष

उल्लेखित विश्लेषणका आधारमा सहकारी अभियान नेपालमा आर्थिक, सामाजिक, र सांस्कृतिक विकासको महत्त्वपूर्ण पक्षको रूपमा विकसित हुँदै आएको देखिन्छ । सहकारी संस्थाहरूले विशेष गरी ग्रामीण क्षेत्रमा आर्थिक सशक्तीकरण, महिला सशक्तीकरण, र रोजगार सिर्जनामा उल्लेखनीय योगदान दिएको पाइन्छ । यसर्थमा सहकारी क्षेत्रको दीर्घकालीन र प्रभावकारी विकासका लागि सहकारी मैत्री ऐन, कानुन र नीतिको निर्माण आवश्यक छ । नयाँ राष्ट्रिय सहकारी नीति तर्जुमा गरी प्राथमिकता निर्धारण गर्नुपर्छ । सङ्घ, प्रदेश, र स्थानीय तहबाट सहकारी संस्था दर्ता, नियमन, अनुगमन, तालिम, र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्छ । सहकारी उद्योग स्थापना, सरकार-सहकारी-निजी क्षेत्र साझेदारी कार्यक्रम लागु, र अस्वस्थ प्रतिस्पर्धाको नियन्त्रण गरी सहकारीको व्यवसायिकता बढाउनु आवश्यक छ । सहकारी शिक्षा र प्रशिक्षणको माध्यमबाट सदस्यहरूलाई सिद्धान्त र मूल्य मान्यताप्रति जागरूक बनाउनुका साथै आन्तरिक सुशासन र नियन्त्रण प्रणालीको स्थापना गर्नुपर्छ । उत्पादन र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू बजेटमा प्राथमिकताका साथ लागू गर्नुपर्छ । सहकारी बजार स्थापना, आयात प्रतिस्थापन, र निर्यात प्रवर्द्धनजस्ता कार्यद्वारा सहकारी क्षेत्रको प्रभावकारिता वृद्धि गर्न सकिन्छ । यसरी, सबल पक्षहरूको उपयोग, दुर्बल पक्षहरूको सुधार, अवसरहरूको सदुपयोग, र चुनौतीहरूको सामना गरी सहकारी क्षेत्रलाई सुदृढ र प्रभावकारी बनाउनु नै सहकारीको दीर्घकालीन विकासको सही मार्ग हो भन्ने निष्कर्ष प्राप्त भएको छ । सहकारीले उत्पादनशील क्षेत्रहरूमा लगानी गर्न नीतिगत अभाव, वित्तीय व्यवस्थापन, सञ्चालन क्षमता र सुशासनको कमजोरी र नियमनकारी निकायको प्रभावकारिताजस्ता चुनौतीहरूको सामना गर्न परिरहेको छ । सहकारी अभियानको सफलताका लागि नीतिगत सुधार, दक्ष नेतृत्व विकास, उत्पादनशील क्षेत्रहरूमा लगानी वृद्धि, र सरकारी अनुगमन र नियमनमा सुदृढीकरण गर्नु आवश्यक देखिन्छ । सहकारी अभियानको प्रभावकारिता वृद्धिका लागि स्थानीय र राष्ट्रिय स्तरमा सहकारी नीतिहरूलाई सुधार गर्न, वित्तीय पारदर्शिता कायम गर्न, र सुदृढ नियमन प्रणाली लागू गर्न आवश्यक रहेकोछ । यसो गरेमा मात्र सहकारी अभियानमार्फत आर्थिक तथा सामाजिक रूपान्तरण गर्न र समाजिक न्याय कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । समाजवादी अर्थव्यवस्थाको एक शसक्त माध्यम सहकारी अभियानलाई सुदृढ एवम् दीर्घकालीन रूपले सञ्चालन गर्न सक्दा मात्र स्थानीय समुदायको आर्थिक तथा सामाजिक रूपान्तरणको पक्षम उल्लेख्य योगदान गर्न सकिने बलियो सम्भावना देखिन्छ ।

सन्दर्भ सामग्री सूची

नेपाल सरकार (२०८१), *राष्ट्रिय सहकारी प्रतिवेदन,* नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।

श्री ५ को सरकार (२०१९), *नेपालको संविधान,* श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* नेपाल सरकार कानुन तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार (२०६३), *नेपालको अन्तरिम संविधान,* मन्त्री परिषद्को सचिवालय, नेपाल सरकार ।

पौडेल, कृष्ण (२०८०), *सहकारी संस्थाहरूको प्रभावकारिता अध्ययन,* सहकारी अनुसन्धान केन्द्र ।

बडाल, केशव (२०६४), *सहकारी सिद्धान्त र प्रयोग,* सहकारी सहयोग समूह ।

बडाल, केशव (२०७५), *समाजवादी समाज निर्माणको जग नै सहकारी आर्थिक आधार हो,* सहकारी मञ्च ।

राष्ट्रिय सहकारी महासङ्घ (२०६६), *राष्ट्रिय सहकारी महासङ्घको वार्षिक प्रतिवेदन,* राष्ट्रिय सहकारी महासङ्घ ।

सहकारी विभाग (२०७७), *सहकारी संस्थाहरूको वार्षिक प्रतिवेदन,* सहकारी विभाग, काठमाडौं ।

शर्मा, खगराज (२०७१), *गरिबी निवारणका लागि सहकारी,* जिल्ला सहकारी सङ्घ, रूपन्देही ।

Gide, C. (1922). *Consumers' co-operative societies* (R. A. Seligman, Ed.). Alfred A. Knopf.

Hogeland, J.A. (2006). The economic culture of US agricultural cooperatives. *Culture and Agriculture*, 28 (2), 67-79.

Kharel, K. R., Upadhyaya Y. M., & Khadka, R. B., (2022). Assessing the Nepalese economy the vision of cooperative resources. *Janapriya Journal of Interdisciplinary Studies*.

Maharjan, U. (2020). Cooperative movement in Nepal: Still going strong. *The Himalayan Times,* Kathmandu.

Moon, S. & Lee, S. (2020). A strategy for sustainable development of cooperative in developing countries: The success and failure case of agricultural cooperatives in Musambira sector, Rwanda. *Sustainable,* 12 (20), 1-

24.

NCF (2010). *Fifty years Grantha of cooperative Development -2066*. National Cooperative Federation, Kathmandu, Nepal.

Owen, R. (1844). *Outline of the rational system of society, founded on demonstrable facts, developing the constitution and laws of human nature*. Home Colonization Society.

Sharma, S. R. (2004). *The growth of Nepalese cooperative enterprises and their role in the changing socio-economic environment*. Conference paper, Indian Council of Social Science Research, ICA, Regional Cooperative Research Conference, Thailand.

Shrestha, P. (2010). *Financial performance of small farmers' cooperative limited in Nepal*. Oriental Publication, Nepal.

Shrestha, S. & Dhakal, S. C. (2022). Structure, functioning, and role of co-operatives in the Nepalese economy. *Journal of Co- operative Studies,* 55(2),20-28. Aaccessed Jan 11, 2025. DOI: 10.61869/DTXX4016

UN. (2018). *Cooperatives in social development: Resolution adopted by the General Assembly on 17 January 2018*.3p. https://base.socioeco.org/docs/a_res_72_143_e.pdf. Accessed: 12.12.2021.

Wanyama, F.O. (2014). *Cooperative & the sustainable development goals: A contribution to the post-2015 development debate*. ILO: Geneva, Switzerland. Aaccessed Jan 10, 2025.

Ethical approval for the research: Not applicable

Consent for publication: Not applicable

Conflict of interest: The author does not have any conflict of interest with any institutions concerning this research

Ethical conduct of research: This paper is written ethically

Author's Bio-note:

Khagaraj Adhikari is a social worker and political leader of Nepal. He has got MA in Political Science from Tribhuvan University, Nepal. His area of research interest is Economic Diplomacy, Governing System and Cooperative Movement.